# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

*India's National Spiritual Newspaper*

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIV — YEAR OF OUR LORD JESUS CHRIST, 2024 SEPTEMBER — No. 09


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह ५६:१-१०**

१. हे परमेश्वर, ममाथि कृपा गर्नुहोस् किनकि मानिसहरूले मेरो अति खेदो गर्छन् । दिनभरि तिनीहरूले ममाथि आक्रमण गर्छन् ।

२. मेरा निन्दकहरू दिनभरि नै मलाई खेदो गर्छन्, धेरै जना अहङ्कारसाथ ममाथि आक्रमण गर्दछन् ।

३. जुन बेला मलाई डर लाग्छ, म तपाईंमा भरोसा राख्नेछु ।

४. परमेश्वरमा, जसका वचनको म प्रशंसा गर्दछु, परमेश्वरमा भरोसा राख्छु, म डराउनेछैनँ, मरणशील मानिसले मलाई के गर्न सक्छ र ?

५. दिनभरि तिनीहरूले मेरा कुराहरूको उल्टो अर्थ लाउँछन् । तिनीहरूले सधैं मेरो हानिको लागि षड्यन्त्र रच्छन् ।

६. तिनीहरू मेरो प्राण लिनलाई मेरो विरुद्ध षड्यन्त्र रच्छन् र मलाई मार्न भनी ढुकिबस्छन् ।

७. हे परमेश्वर, तिनीहरूका अपराधको दण्ड तिनीहरूलाई दिनुहोस्, तपाईंको क्रोधमा जाति-जातिहरूलाई ढालिदिनुहोस् ।

८. मेरो विलापको लेखा राख्नुहोस् । मेरो आँसु तपाईंको फिरिस्तमा राखिदिनुहोस् । के ती तपाईंको पुस्तकमा लेखिएका छैनन् र ?

९. जब सहायताको निम्ति म पुकारा गर्छु, मेरा शत्रुहरू पीठ फर्काएर भाग्नेछन् । यसबाट यो म जान्नेछु कि परमेश्वर मेरो पक्षमा हुनुहुन्छ ।

१०. परमेश्वरमा, जसका वचनको म प्रशंसा गर्दछु, परमप्रभुमा, जसका वचनको म प्रशंसा गर्दछु ।



## आफ्नो श्रापहरूलाई आशिष्मा परिणत गर्नुहोस् !

## TURN YOUR CURSES INTO BLESSINGS!

**(मुख्य मण्डलीमा पास्टर एस. साम सेल्भाराजले दिनुभएको सन्देश)**

**...म स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्धमा साक्षी राख्तछु कि मैले तिमीहरूका अगि जीवन र मृत्यु, आशिष् र श्राप राखेको छु । अब जीवन नै रोज ताकि तिमीहरू र तिमीहरूका बालबच्चाहरू जिउन सक र परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्दै, उहाँको आज्ञा मान्दै र उहाँसँगै लीन बन्दै बाँचिरहो किनकि परमप्रभु नै तिमीहरूको जीवन हुनुहुन्छ र... तिमीहरूलाई दीर्घायु बनाउनुहुनेछ** (व्यवस्था ३०:१९-२०) ।

सबै मानिस जातिमा पाइने आधारभूत र साझा समस्याचाहिँ हामी सबै जना विनाशमा गइरहेका छौं । हामीले हत्या नगरेका, व्यभिचार नगरेका वा चोरी पनि नगरेको हुन सक्छ तर हामी सबैले एउटा विशेष काम गरेका छौं: हामी सबै जना आफ्नो बाटो लागिका छौं, परमेश्वरबाट फर्किरहेका छौं र उहाँको विरुद्धमा पाप गरिरहेका छौं । हिब्रू भाषामा यस व्यवहारलाई **एभोन** भनिन्छ, जसलाई अंग्रेजीमा **अन्याय** भनेर अनुवाद गरिएको छ । यसलाई अझ **हठी हुनु** भन्ने शब्दले व्याख्या गर्न सक्छ । हामीभित्र रहेको यो स्वभाव परमेश्वरको विरुद्धमा रहेको छ । अन्याय र हठी भन्ने शब्दहरूले हिब्रू शब्द एभोनको पूर्ण अर्थलाई प्रस्तुत गर्दैन । एभोनले हाम्रो अन्याय र हाम्रो हठी विचारको परिणामहरूलाई पनि समावेश गर्दछ ।

उदाहरणको निम्ति, जब कयिनले आफ्नो भाइ हाबिलको हत्या गरे, तिनले परमप्रभुलाई भने, **...मैले सहनै नसक्ने कडा दण्ड मलाई भयो** (उत्पत्ति ४:१३) । यस सन्दर्भमा हिब्रू भाषामा

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



यूट्यूब खीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

५ मिनेटको सन्देश


अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिन: बिहान २ बजे देखि

तामिल आइतवार सेवा: बिहान ८:३० बजे

★ Please Subscribe and Share ★

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

# तपाईंको प्रिय भाइबाट....



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
HON. MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran

EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers

10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call

**उहाँले हामीलाई हाम्रो दर्दशामा स्मरण गर्नुभयो, उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ (भजनसंग्रह १३६:२३)।**

ख्रीष्ट येशूमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अचम्मको नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं । हामी तपाईंको हीतको निम्ति निरन्तर प्रार्थना गर्दछौं । परमप्रभु परमेश्वरले हाम्रा सम्पूर्ण क्रियाकलापहरूमा साथै अगस्त ९ देखि ११ तारिखसम्म भएको हाम्रो ५६ औं वार्षिकोत्सव समारोहमा पनि आशिष् दिनुभयो, जहाँ उहाँको नाउँ महिमित भएको थियो ।



*Sister Jenova Elangovan*

सन् २०२४ जूलाइ २९ तारिखको दिन हाम्रो मुख्य मण्डलीमा हुनुभएको हाम्रा अत्यन्तै घनिष्ट सहकर्मीहरूमध्ये एक जना हाम्रा पास्टर इ. कमल सामसनकी आमा बहिनी जेनोभा इलान्गोभान महिमामा प्रवेश गर्नुभएको छ। उहाँ मुख्य मण्डलीमा समर्पणता र परिश्रमको पर्याय व्यक्ति हुनुहुनथ्यो। कृपया उहाँको परिवारका सदस्यहरूका निम्ति प्रार्थना गरिदिनुहोस् ।

भारतको दक्षिण-पश्चिम प्रान्त केरलामा वायनाड भन्ने स्थानमा भारी बाढीको कारण आएको भयानक विपत्ति पहिरोबाट हामील अत्यन्तै शोकित भएका छौं । धेरै मानिसहरूले आफ्ना प्रियहरू र सामानहरू गुमाएका छन् । संसारमा भएका हाम्रा सबै मित्रहरूलाई पुनर्स्थापनाको निम्ति आफ्नो सहायताको हात बढाइदिनको लागि हामी विनम्रतापूर्वक आग्रह गर्दछौं ।



*Ev. Benjamin Moses*



*Bro. Mohan Kumar*



*Sis. Sajini Cherian*

केरला भारतमा भएको पहिलो प्रान्त हो, जहाँ हाम्रा प्रभु येशू ख्रीष्टका चेला सन्त थोमाले सन् ५२ मा आफ्नो पाइला टेकेका थिए । यहीं नै हाम्रो मलायालम सम्पादक बेन्जामिन मोजेज, उहाँको सहयोगी मोहन कुमार र हाम्रा अंग्रेजी भाषाका सम्पादक बहिनी सजनी चेरियन बसोबास गर्नुहुन्छ। सन्त थोमा चेन्नाइ सहरमा सहीदको रूपमा मर्नुभएको थियो, जहाँ हाम्रो **बोलावटको प्रतिध्वनिको सेवकाइहरू** स्थापना भएका छन् ।

तपाईंलाई थाहै छ, हामीले **बोलावटको प्रतिध्वनि सेवकाइभित्र** एउटा विशेष विभाग स्थापना गरेका छौं, **ग्लोबल भिजन फर युथ एण्ड किड केयर**। हरेक दिन ठीक राति १० बजे स्थानीय समयमा **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** विश्वव्यापी सदस्यहरू आपसमा प्रार्थना गर्न आउनुहुन्छ । यो प्रार्थना छोटो हुन्छ तर पनि

शक्तिशाली छः "**हाम्रो परमप्रभु परमेश्वर, विश्वभरि रहेका युवा, युवती र बालबालिकाहरूमाथि आफ्नो नजर राख्नुहोस्, प्रभु येशू ख्रीष्टको नाउँमा, आमेन !"**

तपाईं जुनसुकै स्थानमा बसोबास गर्नुभए पनि हामी तपाईंलाई यो प्रार्थनाको अभियानमा सहभागी हुन निम्तो गर्दछौं ।

यो अभियानले हाम्रो मुख्य मण्डली र **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल** दुवै स्थानमा भएका विशेष गरी युवाहरूका बीचमा देखिन जागृति ल्याएको छ। हामीले संसारभरिबाट हाम्रा मित्रहरूबाट अनगिन्ती गवाहीहरू



***A conference held in the Main Church***

निरन्तर प्राप्त गरिरहेका छौं। अगस्त ११ तारिखको दिनमा हामीले मुख्य मण्डलीमा यी युवाहरूका निम्ति गोष्ठी आयोजना गरेका थियौं। सम्पूर्ण महिमा र आदर हाम्रो प्रभु येशू ख्रीष्टको हो ।

तापनि, जसै हामी उत्साह र समर्पणताको साथमा अघि बढिरहेका छौं, हामीले चुनौतिहरू पनि सामना गरिरहेका छौं। दुष्टले हाम्रो विविध सेवकाइका परिवारका सदस्यहरूलाई लक्ष्यमा राखिरहेको छ, जसले वर्णन गर्न नसकिने शब्दमा शारिरीक र आर्थिक समस्या पारिरहेका छ । **बोलावटको प्रतिध्वनि सेवकाइहरूले** हाल महत्वपूर्ण आर्थिक समस्याको अनुभव गरिरहेको छ र हामी तपाईंको प्रार्थनाको लागि अत्यन्तै आग्रह गर्दछौं । विश्वव्यापी रूपमा युवा र बालबालिकाको निम्ति तपाईंले प्रार्थना गर्नुका साथै कृपया राति १० बजेको तपाईंको रात्री प्रार्थनामा "**बोलावटको प्रतिध्वनि सेवकाइका विश्वव्यापी कर्मचारीहरू र अगुवाहरूको हीतमा"** केन्द्रित भएर प्रार्थना गरिदिनुहोला । हाम्रो लक्ष्य भनेको विश्वव्यापी मण्डलीहरूमा शक्तिशाली जागृतिको निम्ति प्रार्थना गर्ने र निरन्तर मेहेनेत गर्ने हो, चाहे जुनसुकै सम्प्रदाय भए पनि । हामीले तपाईंलाई हाम्रो हृदयमा राखेका छौं र तपाईंसँग घनिष्ठ संगति गर्ने चाहना गर्दछौं । यूट्यूब च्यानलको **बोलावटको प्रतिध्वनि** कार्यक्रममा हुने हाम्रो दैनिक ५ मिनेट कार्यक्रम हेरेर वा हामीसँग कुराकानी गर्न तपाईं स्वतन्त्र हुनुहुन्छ ।

परमेश्वरले तपाईंलाई प्रशस्त आशिष् दिनुभएको होस् ।

प्रेम र कृतज्ञताको साथमा

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,
*पा. एलेक्स सामसन साम*
*पा. एस. साम सेल्भाराज*
(+91) 98412 71858 / 98410 71858,
E.mail : sam@echoofhiscall.org

## विनम्र अनुरोधः बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगु, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन् । सन्देशहरू हेरेर तपाईंले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ ।

साथै, तपाईंको मोवाइल फोनहरूमा मेरो मोवाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस् ।

**पा. एस. साम सेल्भाराज**

*पृष्ठ १ बाट*

एभोन शब्द **दण्डको** निम्ति प्रयोग भएको छ । यस शब्दले कयिनको दुवै अन्याय र तिनको **दण्डलाई** बुझाउँछ । विलापको पुस्तकमा एभोन शब्दलाई अध्याय चारको पद ६ र १३ मा यो संकेतमा प्रयोग गरिएको छ ।

**मेरा प्रजाको दण्ड सदोमको भन्दा ठूलो छ, जो कसैको सहायताको हातबिना क्षणभरमै फ्याँकियो** (विलाप ४:६) ।

**योचाहिँ त्यसका अगमवक्ताहरूका पाप र त्यसका पूजाहारीहरूका अधर्मले भएको हो । तिनीहरूले सहरकै बीचमा धर्मीहरूको रगत बगाए** (विलाप ४:१३) ।

आज धेरै परिवारहरूमा परमेश्वरको श्राप प्रदर्शन भएको हामी साक्षी भएका छौं। हरेक ख्रीष्टियान घरानामा पनि ठूलो कष्ट, गलत बुझाइ र अन्योलता रहेको छ । परमप्रभु परमेश्वर आफैंले आफ्ना अनाज्ञाकारी सन्तानमाथि घोषणा गर्नुभएका केही श्रापहरूलाई अब म उल्लेख गर्नेछु (व्यवस्था २८:२०, २१, २२, २७, २८) ।

व्यवस्था २८:२०: **उहाँलाई त्यागेर तिमीहरूले गरेका दुष्ट कामको कारणले तिमीहरू झट्टै नाशमा नपुगुन्जेल र खतम नहोउन्जेल परमप्रभुले तिमीहरूमाथि र तिमीहरूका हातका सबै काममाथि श्राप, गोलमाल र हप्की पठाउनुहुनेछ ।**

व्यवस्था २८:२१: **तिमीहरूले अधिकार गर्न जान लागेको देशबाट तिमीहरूको नाउँनिशानै नमेटिन्जेल परमप्रभुले तिमीहरूका बीचमा महामारी फैलाइदिनुहुनेछ ।**

व्यवस्था २८:२२: **क्षयरोग, जरो, सूज, प्रचण्ड ताप, खडेरी, साथै वृक्षहरू ओइलाउने र ढुसी पर्ने रोगहरू ल्याएर तिमीहरू नष्ट नभएसम्म परमप्रभुले तिमीहरूलाई सताउनुहुनेछ ।**

व्यवस्था २८:२७: **निको हुन नसक्ने गरी परमप्रभुले तिमीहरूलाई मिश्रका पिला, गिर्खा, छालामा जलजलाउँदा फोकाहरू र चिलाउने व्यथाले प्रहार गर्नुहुनेछ ।**

व्यवस्था २८:२८: **परमप्रभुले तिमीहरूलाई बौलाहापन, अन्धोपन र हृदयको खलबलीले प्रहार गर्नुहुनेछ ।**

## क. श्रापका चिन्हहरू

श्रापको उपस्थितिलाई देखाउने चिन्हहरूको अन्वेषणमा केही प्रदर्शनहरू स्पष्ट भएका छन् ।

### १. मानसिक समस्या:

आफ्नो जीवना असफलताहरू र कठिनाइको बोझ बोकेका व्यक्तिहरूमा मानसिक समस्याको ठूलो विचारले घेरेको हुन्छ । यो मानसिक बोझले तिनीहरूलाई सामान्य क्रियाकलापहरूमा संलग्न हुन असक्षम बनाउँछ, जसले तिनीहरूलाई असमान्यताको अवस्थामा लैजान्छ । यसका अतिरिक्त केही व्यक्तिहरू कल्पनाको दृश्यको संसारमा पुग्छन्, आफैंलाई गलत कुराको महत्वमा जोड्छन् र आफ्नो मनभित्र आफैंले सृजना गरेका थोकको विरुद्ध लडाइँमा संलग्न हुन्छन् ।

### २. अल्छीपना:

उत्पादनशीलताको निम्ति प्रशस्त अवसरहरू र उत्साहित क्रियाकलापप्रति उपयुक्त अवस्थाहरूको उपस्थिति भए पनि केही व्यक्तिहरू अल्छी गरिरहन्छन् । तिनीहरूले आफ्ना निष्क्रृयतालाई बाहिरी कुराहरूका कारण भनी देखाउँछन्, जस्तै: अरूलाई दोष दिने वा विशेष घटनालाई दोष दिने, जुन तिनीहरूको जीवनमा भएका थियो, अल्छीपनाको चक्रलाई फैलाउँदै, जुन तिनीहरूको जीवनमा फैलिन्छ ।

### ३. विशेष वंशाणुगत रोगहरू:

केही परिवारहरूमा विशेष रोगहरूको विरासत वा वंशाणुगत समस्याहरू आउने पुस्तामा देखिन्छ, जुन कुराले बारम्बार आउने पद्धति बनाउँछ, जसले पारिवारिक कुरालाई जोड दिन्छ ।

### ४. बारम्बार हुने गर्भपतन र बाँझोपन:

एकअर्काको अघि भएको दुई वटा जमिनको खेतीमा उल्लेखनीय भिन्नता आएको छ, दुवैलाई रोप्ने र खेती गर्नको लागि तयारी गर्दा । एउटा जमिन प्रशस्त मात्रामा राम्रो हुँदा अर्कोचाहिँ बाँझो हुन्छ, जसलाई समान अवस्थाहरू र खेतीको प्रक्रिया गर्दा पनि प्रशस्त मात्रामा कटनी गर्न असफल हुन्छ ।

त्यसरी नै केही महिलाहरू शारीरिक स्वास्थ्यमा राम्रो हुन सक्छन् तापनि तिनीहरूले बारम्बार गर्भपतनको अनौठो सामना गर्छन् । अन्यले बिना कुनै कारण गर्भधारण गर्न संघर्ष गर्छन्, जबकि केहीले स्वास्थ्य समस्या वा वंशाणुगत समस्या भएका बच्चाहरू जन्माउँछन् ।

### ५. ढिला विवाह र भत्किएको विवाह:

यसका अतिरिक्त, ढिलो विवाह र भत्किएको विवाहहरू केही व्यक्तिहरूमा यस्ता समस्याहरू आइपरेका हुन्छन् । आफ्नो राम्रो प्रयासका बाबजुत पनि केही अविवाहित बस्छन्, जबकि केही जोडीहरूले अमन सम्बन्धहरू कायम राख्न असक्षम भएको पाउँछन् र अन्त्यमा सम्बन्धविच्छेद गर्छन् । सहनशीलताको कमी र वैधानिक हस्तक्षेपको खोजी गर्ने चाहनाले प्राय: भ्रष्ट वकिलहरूद्वारा आर्थिक दुरुपयोग र व्यक्तिगत समस्याहरूको चक्रमा लैजान्छ ।

### ६. विजय गरिरहेको गरिबी र असफलताहरू:

विजय भइरहेको गरिबी र निरन्तर असफलताले कष्टि भएको कुनै व्यक्तिहरूले आफैंलाई कठिनाइ र निरासाको चक्रमा आफैंलाई फँसिरहेको पाउँछन् । यो कठोर चक्रले निरासा, जीवनमा भएका कुरालाई अर्थहीन बनाइरहेको र आत्महत्याका तुरुन्त विचारतिर लैजाउँछ । यसका अतिरिक्त, केही व्यक्तिहरूले आफ्नो जीवनमा बारम्बार दूर्घटनाको सामना गर्दै दुर्भाग्यतिर गएको देखिन्छ ।

## ख. श्रापले मानिस जातिलाई कसरी प्रभावित पारेको थियो ?

हितोपदेश २६:२ अनुसार ...**बिनाकारणको श्राप पनि लाग्दैन ।**

यी चिन्हहरूले श्रापको उपस्थितिको भावनात्मक संकेतहरूको रूपमा देखाउँछ, कष्ट र कठिनाइको वर्णन गरिएको कुरा, जुन व्यक्तिहरूको जीवनको विभिन्न भागहरूमा प्रदर्शित हुन्छ ।

### १. परमेश्वरको आज्ञाहरूमा अनाज्ञाकारीताबाट श्राप देखिन्छ:

हाम्रा पितापुर्खा आदम र हव्वाको समयदेखि अदनको बगैंचामा परमेश्वरको निरासाको आगमनसँगै मानिस जातिको अस्तित्वको प्रारम्भिक दिनदेखि नै परमेश्वरको श्राप उपस्थित छ । सुरुवातमा आशिष् पाए पनि तिनीहरूको अनाज्ञाकारीताले मानव जीवनमा श्रापको परिचयतर्फ डोऱ्याएको थियो ।

एउटा विशेष रूखबाहेक तिनीहरूलाई बगैंचामा भएका सबै रूखहरूका फलमा

..Contd to page 6

NEHEMIAH BIBLE
RESIDENTIAL / EVENING COLLEGE,
Velachery / Chepauk & Santhoshapuram, Chennai.
Medium : Hindi / Tamil
Recognised by International Christian Leaders & Senior Pastors for the past 55 years
ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI
Qualification : 10th Standard & above
Diploma in Theology
Rush for Admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ ONLINE CLASSES ARE AVAILABLE ★

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1989

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रशंसा र प्रार्थनाको बुँदाः सेप्टेम्बर १९ देखि अक्टोबर १८ सम्म

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरलाई प्रशंसा गरौं...

सेप्टेम्वर १९: हाम्रो छापाखानामा १६ वटा भाषामा हाम्रो समाचारपत्र छाप्न र प्रकाशन गर्न र मिसनको क्षेत्रमा पठाउन सक्षम बनाउनुभएको निम्ति ।

सेप्टेम्वर २०: हाम्रो **बोलावटको प्रतिध्वनि** यूट्यूब मिडिया सेवकाइको ५ मिनेटको सन्देशको कारण आएको गवाहीहरूका साथमा हामीलाई आशिषित बनाउनुभएको निम्ति ।

सेप्टेम्वर २१: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र बाइबल पत्राचार कोर्सहरूमा** उहाँको आशिष्को निम्ति ।

सेप्टेम्वर २२: समर्पित सहसम्पादकहरूका साथमा हाम्रो सेवकाइलाई आशिष् दिनुभएको निम्ति, जसले **बोलावटको प्रतिध्वनि** समाचारपत्र सेवकाइलाई सहायता गर्नुहुन्छ ।

सेप्टेम्वर २३: मुख्य मण्डली र शाखा मण्डलीहरूमा हाम्रो आइतवारको सेवामा परमेश्वरको वचनमा भएको शक्तिको निम्ति ।

सेप्टेम्वर २४: दक्ष कर्मचारीहरूका साथमा हाम्रो सुसमाचारीय छापाखाना र यसको निरन्तरको संचालनको निम्ति ।

सेप्टेम्वर २५: अगस्त २०२४ मा आफ्नो ५६ औं वर्षमा प्रवेश गर्न हाम्रो **बोलावटको प्रतिध्वनिलाई** आशिष् दिनुभएको निम्ति ।

सेप्टेम्वर २६: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूप्रति उहाँको कृपाको निम्ति ।

सेप्टेम्वर २७: हाम्रो **बाइबल पत्राचार कोर्स र ईश्वरशास्त्रीय पत्राचार कोर्सको** वृद्धिको निम्ति ।

सेप्टेम्वर २८: सिनियर पास्टर र बहुसंख्यक सेवकाइहरूबाट सुसमाचार प्रचारमा उहाँको समर्पणताको निम्ति ।

सेप्टेम्वर २९: हाम्रा **बोलावटको प्रतिध्वनि सेवकाइका** कर्मचारी र उहाँका परिवारहरूको सुरक्षाको निम्ति ।

सेप्टेम्वर ३०: हाम्रो मण्डलीमा नयाँ विश्वासीहरूका साथमा आशिष् दिनुभएको निम्ति ।

अक्टोबर १: मिसनका कर्मचारीहरूबाट ठूलो समर्पणताको निम्ति ।

अक्टोबर २: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई ईश्वरीय सुरक्षा र सुस्वास्थ्यको साथमा आशिष् दिनुभएको निम्ति ।

अक्टोवर ३: हालको शैक्षिक सत्रमा हाम्रो **नहेम्याह बाइबल कलेजहरूलाई** दोस्रो सेमेस्टरमा प्रवेश गर्न आशिष् दिनुभएको निम्ति ।

### कृपया प्रार्थना गरौं...

अक्टोवर ४: हरेक मद्यपान गर्नेहरू र दुष्ट काम गर्नेहरूले पश्चात्ताप गर्न समर्पित भएका होऊन् ।

अक्टोवर ५: संसारमा भएका सबै महिला र बालबालिकाको सुरक्षाको निम्ति ।

अक्टोवर ६: **बोलावटको प्रतिध्वनिको** युवा र आउटरीच सेवकाइहरूका निम्ति ।

अक्टोवर ७: हाम्रो सिनियर पास्टर एस. सेल्भाराज र उहाँको परिवारमा सुस्वास्थ्यको निम्ति ।

अक्टोवर ८: भारतको सुसमाचार नपुगेको स्थानमा पुग्न हामीलाई सक्षम बनाउनुभएको होस् ।

अक्टोवर ९: हाम्रो सिंहला भाषाको समाचार पत्रको टोलीकी बहिनी मन्जुलाले आफ्ना हालको स्वास्थ्य समस्याबाट पूर्ण चंगाइको निम्ति ।

अक्टोवर १०: पृथ्वीमा परमेश्वरको राज्य निर्माण गर्न केन्द्रित दर्शन हामीलाई दिनुभएको होस् ।

अक्टोवर ११: हालैको पहिरोपछि वायनाड, केरला, दक्षिण भारतमा अवस्था सामान्य भएको होस् ।

अक्टोवर १२: हाम्रा साझेदारहरू र प्रान्तीय संयोजकहरू र उहाँका परिवारहरूका निम्ति ।

अक्टोवर १३: सम्पूर्ण देशहरूमा एकता र शान्तिको निम्ति ।

अक्टोवर १४: हाम्रो सुसमाचारीय छापाखानामा आशिष्को निम्ति ।

अक्टोवर १५: हाम्रो सेवकाइको बिस्ता र संसारभरि सुसमाचारको फैलावटको निम्ति ।

अक्टोवर १६: संसारको विभिन्न स्थानहरूमा भएको आर्थिकमन्दीको अन्त्य भएको होस् ।

अक्टोवर १७: गरिब मानिसहरूको आर्थिक उन्नतिको निम्ति ।

अक्टोवर १८: परमेश्वरको भय मान्ने अगुवाहरू भएका सम्पूर्ण देशमा परमेश्वरले आशिष् दिनुभएको होस् ।

*पृष्ठ ४ बाट*

आनन्द गर्न अनुमति थियो। तापनि, शैतानको परामर्शद्वारा प्रभावित भएर तिनीहरूले परमप्रभु परमेश्वरले निषेध गर्नुभएको फल खाए। आदमले गरेको यो अनाज्ञाकारीताको कार्यले तिनीहरूमाथि परमेश्वरको श्राप परिणामस्वरूप आएको थियो। यो घटनाको विवरण उत्पत्ति २:१५ देखि ३:२४ मा पाइन्छ।

मानव जातिको मुक्तिदाता येशू ख्रीष्ट हुनुहुन्छ भनेर हामीले संसारका मानिसहरूलाई घोषणा गर्दछौं। उहाँको जन्म इतिहासको घटनामा अभिलेखीकरण भएको छ, त्यसरी नै उहाँको मृत्यु र पुनरुत्थान पनि। प्रभु येशू ख्रीष्टद्वारा हाम्रा पाप क्षमा भएका छन् र हरेक व्यक्ति उहाँको सन्तान बन्न उहाँलाई अंगाल्नुपर्छ भनेर हामीले प्रचार गर्छौं। सबैभन्दा पहिले, एउटा व्यक्तिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर्नुपर्छ, त्यसपछि सांसारिक आशिष्ले उसलाई पछ्याउनेछ। हामीले विभिन्न तरिकाहरूबाट धर्मी जीवन जिउने र परमेश्वरलाई मन नपर्ने कार्यहरूबाट टाढा रहने कुरा सिकाउँछौं। करोडौं मानिसहरूले यो ईश्वरीय सन्देश सुने पनि केहीले मात्रै यसलाई साँचो रूपमा पालन गर्छन्, येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गर्दै, पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा लिन्छन् र पवित्र आत्माद्वारा निर्देशित भएका छन्।

यसका अतिरिक्त, ख्रीष्टियानहरूले ख्रीष्टका शिक्षाहरू पालन गर्नुपर्छ, जीवनमा उहाँका मार्ग पछ्याउनुपर्छ र उहाँको सेवा गर्नुपर्छ भनेर तिनीहरूलाई संचार गर्छौं। तपाईंले सुन्नुभए पनि यी शिक्षाहरूलाई अभ्यासमा ल्याउन प्रायः तपाईंले पनि हिचकिचाउनुहुन्छ। मण्डली पवित्र स्थान हो, जहाँ प्रवेश गर्दा आराधना महत्वपूर्ण हुन्छ। अशुद्ध विचारहरू र गुप्त चाहनालाई हटाउँदै आराधनामा केन्द्रित भएको मनको साथमा मण्डलीमा प्रवेश गर्नु महत्वपूर्ण हुन्छ। आराधनाको अनुभवमा कुनै व्यवधान वा बाधालाई टाढा राख्न तपाईंका मोवाइलका फोनहरू स्वीच अफ गर्न सम्झनुहोस्।

**मण्डलीमा लगाइने लुगा र व्यवहारः**

कृपया सुहाउँदो र भद्र रूपमा आफ्नो लुगा लगाउनुहोस्, अरूमा अनावश्यक विचार उब्जाउन सक्ने लुगाबाट टाढा रहनुहोस्।

अनुपयुक्त सम्बन्धतिर लैजान सक्ने कुनै पनि कार्यबाट टाढा रहनुहोस्।

पुरुषहरूले महिलाजस्तै देखिने गरी आफ्नो कपाल अत्यन्तै लामो नराख्न सल्लाह दिइन्छ, जबकि महिलाहरूले पुरुषझैं अत्यन्तै छोटो कपाल नराख्न उत्साह दिइन्छ।

संचालन भइरहेका सेवाहरूमा श्रद्धा देखाउँदै मण्डलीको सेवाको निम्ति समयमा आइपुग्ने र अन्त्य नभएसम्म बसिरहनुहोस्।

यी कार्यहरू प्रभुलाई प्रसन्न पार्ने प्रकारका छन्।

**प्रचारप्रति व्यवहारः**

केही व्यक्तिहरूले अझ नरम जीवनशैलाई अपनाउने मण्डलीहरूलाई मन पराउँदै यस्ता शिक्षाहरूलाई स्वीकार नगर्न सक्छन्।

तिनीहरूले ठूलो भीड भएका मण्डलीहरूको खोजी गर्न सक्छन्, जहाँ तिनीहरूले आफैंलाई प्रसन्न पार्ने जीवन र कसैले ध्यान नदिने कुरामा रहन सक्छन्।

धार्मिकताबाट अलग रहनुको परिणामहरूः

नैतिक मार्गदर्शनको विपरीत जिउनाले परमेश्वरले आफ्नो असन्तुष्टी कसरी रोक्न सक्नुहुन्छ भन्ने प्रश्न उब्जाउँछ।

यस्ता भिन्नता दर्शन, आश्चर्यकर्म, आधिकारीक आत्मिक जम्काभेटको कमी भएको विश्वासका अगुवाहरूमा प्रशस्त मात्रामा हुन्छ। आफैंलाई विश्वासी भनेर दाबी गर्नेहरूमा पनि साँचो मुक्तिको अनुभवको कमी हुन्छ।

मण्डलीहरूमा विजयी भइरहेका यस्ता अवस्थाहरूले ईश्वरीय न्याको परिणामहरूलाई प्रतिबिम्बित गर्दछ।

## २. आफैंले लगाएको श्रापः आफ्नै मुखको वचनले पासोमा परिस्

**भने...** उधृत गर्दै हितोपदेश ६:२ ले एउटा व्यक्तिको जीवनमा बोलिएको वचनको प्रभावलाई प्रदर्शन गर्दछ।

लामो समय जिउँदिनँ वा आत्महत्या गर्ने जस्ता घोषणाले गम्भीर प्रभाव पार्न सक्छ, त्यो ख्यालठट्टामा वा कसैलाई नियन्त्रण गर्न भनिए पनि।

धेरै व्यक्तिहरूले यस्ता भनाइ बारम्बार भनिरहेपछि आफ्नो मृत्यु प्राप्त गरेका छन्।

केही घरमा, पतिले आफूलाई उपलब्ध गरिएको खानेकुराको गुणस्तरको बारेमा चासो अभिव्यक्त गर्दै आफ्नो पत्नीको खाना बनाउने कुरालाई आलोचना गर्न सक्छन्, यतिसम्म सल्लाह दिन्छन् कि त्यसलाई खाँदा तिनीहरूको मृत्यु हुन सक्छ। यस्तो तरिकामा बोल्ने व्यक्तिहरूले यो कुरा बुझ्नु जरुरी हुन्छ कि यसले महत्वपूर्ण रूपमा तिनीहरूको आफ्नो जीवनकाललाई निर्धारण गरिरहेको हुन्छ। त्यस्तै गरी, केही अभिभावकहरूले आफ्ना बालबालिकालाई कमजोर बनाउन चोटपूर्ण शब्दहरू प्रयोग गर्दै आफ्नो छिमेका भएका तिनीहरूका साथीका बालबालिकासँग स्वेच्छाले तुलना गरिरहेका हुन्छन्। यस्तो हानिकारक व्यवहारले बच्चाको आत्मविश्वासमा मात्रै प्रभाव पारेको हुँदैन तर तिनीहरूका जीवनमा नकारात्मक परिणामहरूलाई स्वागत पनि गर्छ।

प्रेरित पत्रुसले पनि आफ्नो जीवनमा यस्तै अवस्थालाई सामना गरेका थिए, जुन मर्कूस १४:६६-७२ मा उल्लेख गरिएको छ। प्रधानपूजाहारीको आँगनमा रहँदा पत्रुसले तीन अलग अवसरमा येशूसँगको आफ्नो सहकार्यलाई इन्कार गरेका थिए। तिनको अन्तिम इन्कारको समयमा तिनले येशूलाई इन्कार गर्नमा शपथ र श्रापको सहारा लिएका थिए। यो लापरवाही व्यवहारको परिणाम आफैंले ल्याएको श्रापमा महत्वपूर्ण थियो। आफ्नो कार्यको निम्ति पछि पश्चात्ताप र गहिरो शोक अभिव्यक्ति गरे पनि पत्रुसले अनजानमा आफ्नो वचनको परिणाम आफूमाथि ल्याएका थिए।

तीन दिनपछि सुधारात्मक घटना घटेको थियो, जब येशूको चिहानमा गएका महिलाहरूले परमेश्वरको दूतलाई भेटेका थिए, जसले येशू जीवित हुनुहुन्छ र तिनीहरूलाई गालीलमा भेट्नुहुन्छ (मर्कूस १६:७) भनेर तिनीहरूलाई पत्रुसका साथै चेलाहरूलाई जानकारी दिन निर्देशन दिएका थिए। यो घटनाले पत्रुसको वचनको प्रभावलाई उल्लेख गरेको छ किनकि तिनलाई येशूको चेलाको रूपमा स्वीकार गरिएको थिएन। आफ्नै वचन र कार्यको

कारण पत्रुसले येशू ख्रीष्टको चेलाको रूपमा पहिचान पाउने अवसरलाई गुमाएका थिए ।

येशूको प्रशस्त कृपा र अनुग्रहद्वारा, उहाँ पत्रुसलाई भेट्न गालीलको समुद्रमा जानुभयो र तिनलाई आफ्नो चेलाको रूपमा पुन: परिवर्तन गर्नुभयो । पत्रुसले येशूलाई तीन पटक इन्कार गरेका थिए, त्यसकारण येशूले तिनलाई तीन पटक सोध्नुभयो, "पत्रुस, के तिमीले मलाई प्रेम गर्छौ ?" (यूहन्ना २१:१५-१७) ।

तैपनि पत्रुसले जवाफ दिए, "हो, प्रभु, तपाईंलाई थाहा छ, म तपाईंलाई प्रेम गर्छु" जब येशूले तिनलाई तीन पटक सोध्नुभयो, तिनी निरास बने । तिनको प्रेमलाई तीन पटक स्वीकार गरेर तिनले तीन पटक इन्कार गरेका कुरालाई येशूले रद्द गर्दै हुनुहुन्थ्यो भनेर तिनलाई थाहा थिएन । त्यसो गरेर येशूले पत्रुसलाई आफूले तीन पटक इन्कार गरेको पापलाई स्वीकार गराउनुभयो, त्यसपछि तिनलाई आफ्नो चेलाको रूपमा पुनर्स्थापित गर्नुभयो ।

इस्राएलका मानिसहरूले येशूका शिक्षा सुने तर उहाँलाई ग्रहण गरेनन् । जब येशूलाई पिलातसको अघि लगिएको थियो, तिनले येशूमा कुनै पाप भेट्टाएनन् र उहाँलाई छोडिदिने चाहना गरे । तापनि येशूले त्यो समयमा चिच्याए, "त्यसलाई क्रूसमा टाँग्नुहोस्... त्यसको रगत हामीमा र हाम्रो सन्तानमा परोस्" (मत्ती २७:२२, २५) । तिनीहरूका आफ्ना वचनद्वारा यहूदीहरूले आफैंमाथि श्राप निम्त्याए । इतिहासले अभिलेख गरेको छ, एक पुस्ताभित्रै रोमी सेनाले यरूशलेमलाई कब्जा गरेको थियो र अहिले पनि यहूदीहरू संसारभरि छरिपष्ट भएका छन् ।

## ३. जीवित परमेश्वर समान मूर्ति बनाउनाले पनि श्राप निम्त्याउँछ:

**आफ्नो निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकास अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू । तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ । मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु** (प्रस्थान २०:४-५) ।

जीवित परमेश्वरसँग समान मूर्तिहरू बनाउनेहरू परमेश्वरका शत्रुहरू हुन् भनेर हामीले बुझेका छौं । यी मानिसहरूले सर्पहरू, बाँदरहरू र हात्तीहरूजस्ता देखिने प्राणीहरूजस्तै बलियो परमेश्वर बनाउन चाहन्छन् । राजाहरूका राजा र प्रभुहरूका महाप्रभु, सर्वशक्तिमान परमप्रभुलाई अवमूल्यन गरेर, सस्ता र नष्ट भएर जाने थोकहरूसँग तुलना गरेर तिनीहरूले परमप्रभु परमेश्वरको क्रोध उत्पन्न गरेका छन्, जसले मूर्तिपूजकहरूका तेस्रो र चौथो पुस्तासम्म न्याय गर्न निश्चित हुनुहुन्छ ।

मलाई अझ व्याख्या गर्न दिनुहोस् । जब तपाईंले अगुवालाई माला लगाइदिएर आदर गर्ने प्रयास गर्नुहुन्छ, तब तपाईंले के त्यो माला बाँदरको मूर्तिमा लगाइदिनुहुन्छ ? त्यसो गर्नाले तपाईंले आदर दिन खोजेको व्यक्तिलाई निश्चय नै अनादर हुन्छ । कृपया यसलाई विचार गर्नुहोस् । बाइबलले हामीलाई निर्देशन दिन्छ, **यसकारण मेरा प्रिय हो, मूर्तिपूजाबाट अलग रहो** (१ कोरिन्थी १०:१४) । यो ईश्वरीय आज्ञालाई बेवास्ता गर्दा तपाईंमाथि निसन्देह श्राप आइपर्नेछ । यसमाथि मनन गर्नुहोस् र निर्णय गर्नुहोस् ।

## ४. तपाईंले आफ्नो बुबा र आमालाई आदर गर्ने बेवास्ता गर्नुहुन्छ भने तपाईंमाथि श्राप आइपर्नेछ:

**आफ्ना बुबा र आमालाई आदर गर कि जुन देश तिमीहरूलाई परमप्रभु आफ्ना परमेश्वरले दिनुहुन्छ, त्यहाँ तिमीहरूको आयु लामो होस्** (प्रस्थान २०:१२) । आफ्नो अभिभावकहरूलाई आदर गर्न असफल भएमा यो संसारमा तपाईंको आयु छोटो हुनेछ भनेर यो पदले बताउँछ । जब परमेश्वरले हाम्रो "दिन लामो होस्" भनेर बताउनुहुन्छ, उहाँले हामीमाथि सुन्तुष्ट भएको आर्थिक अवस्था, सुस्वास्थ्य, आनन्दित परिवार र मनमा शान्ति प्रदान गर्नुहुनेछ भनेर उहाँले देखाउनुहुन्छ । यी आशिषहरूसँगै मात्रै हामीले लामो र पूर्ण जीवन साँचो रूपा जिउन सक्छौं ।

प्राय: आजको पुस्ताले आफ्ना वृद्ध अभिभावकहरूलाई आशिषको रूपमा भन्दा पनि बोझको रूपमा हेर्दा तिनीहरूका निम्ति वास्ताको महत्वलाई बेवास्ता गरेका छन् । परिणामस्वरूप, धेरै वृद्धहरूले आरामदायी सुविधारमा जिउनुको साटो आफैंलाई "वृद्धाश्रममा" सिफारिस गरिएको पाएका छन् । पुराना पुस्तासँग विशेष गरी आत्मिक


**नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर**

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।


## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ । यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## “जसले पढ्छ, त्यसले बुझोस्” (मत्ती २४:१५)।

### परमप्रभुले अचम्म तरिकाले काम गर्नुभयो !

जब मैले भेलोरमा बस्ने मेरो मित्रको पत्नीबाट पीडादायी फोन कल प्राप्त गरें, मैले दक्षिण भारतमा भएको सहर उटीमा अन्तिम दिनको बैठकको निम्ति तयारी गरिरहेको थिएँ। उनले आँसुले भरिएर मलाई जनकारी गराइन्, “प्रिय भाइ, मेरो पति शमूएल जयसिलानलाई छातिमा पीडा भइरहेको छ र उहाँलाई अस्पतालमा भर्ना गरिएको छ। उहाँको पहिले पनि मुटुको सर्जरी भइसकेको छ, अर्को अपरेसन गर्नको निम्ति उहाँ अत्यन्तै कमजोर हुनुभएको छ। कृपया, तुरुन्त यहाँ आउनुहोस्।"

त्यो रात, म भेलोरको निम्ति प्रस्थान गरें र अपरेसन थिएटरमा लैजानु ठीक अघि अपरेसनको निम्ति तयारी भइरहँदा मेरो साथीलाई भेट्न म अस्पतालमा पुगें। निरास भएर मैले आफ्नो हात उहाँको टाउकोमा राखें र प्रार्थना गरें, “हे प्रभु, यो समयमा अपरेसनबाट गुज्रनबाट मेरो मित्रलाई रोक्नुहोस्।" डाक्टरहरूले प्रस्तुत गरेका शंकापूर्ण र निरासाले भरिएका टिप्पणीका बाबजूत पनि म आफ्नो विश्वासमा स्थिर बसें। मेरो मित्रलाई अपरेसन थिएटरमा लैजाने समय नभएसम्म म उसको छेउमै बसे, परिवारका सदस्यहरूले मलाई घेरे, जसले आफ्नो आशा गुमाएका थिए।

जब म अपरेसन थिएटरको बाहिर खडा भएँ, आफ्नो भरोसा उहाँमा राख्दै मैले निरन्तर प्रार्थना गरें। एक घण्टापछि डाक्टर थिएटरबाट बाहिर आए र मैले डराएर सोधें, “डाक्टर साप, मेरो भाइलाई कस्तो छ ?“ मलाई अचम्ममा पार्दै तिनले मलाई जवाफ दिए, “अपरेसन गर्नको लागि कुनै आवश्यकता छैन। एउटा कमजोर भल्भ छ, जसलाई औषधीले नै उपचार गर्न सकिन्छ।" सर्जरीको आवश्यकताबिनै मेरो मित्रलाई चंगाइ प्रदान गरेर परमेश्वरले मेरो प्रार्थनको जवाफ दिनुभयो।

परमेश्वरलाई प्रशंसा भएको होस्, जसले हाम्रो जीवनमा यस्तो आश्चर्यकर्म निरन्तर गर्नुहुन्छ।

************

कुराहरू सम्बन्धी, कहिलेकाहीं युवाहरूको चाहनाहरू थाहा गर्न असफल र शिक्षाको कमीले गर्दा अभिभावकहरू र तिनीहरूका सन्तानहरूका बीचमा द्वन्द्व उत्पन्न हुनु असामान्य कुरा होइन। कुनै पनि असहमति वा बाधा भए पनि निरन्तर रूपमा आफ्ना अभिभावकहरूलाई वास्ता गर्नु, तिनीहरूप्रति प्रेम र आदर प्रदर्शन गर्नु सानाहरूको जिम्मेवारी रहन्छ नै। यो जिम्मेवारीलाई बेवास्ता गर्नाले कुनै पनि व्यक्तिको जीवनमा आशिष् गुम्ने कुरातिर अगुवाइ गर्दछ।

### ५. परमेश्वरको मण्डलीको विरुद्धमा काम गर्नाले श्राप निम्तिन्छ:

**कसैले परमेश्वरको मन्दिरलाई अशुद्ध पार्छ भने परमेश्वरले त्यसलाई नाश गर्नुहुन्छ...** (१ कोरिन्थी ३:१७)। **कसैलाई ठेस लाग्ने काम नगर, चाहे यहूदीलाई होस् वा ग्रीकलाई होस् वा परमेश्वरको मण्डलीलाई होस्** (१ कोरिन्थी १०:३२)।

मण्डलीसम्बन्धी सिद्धान्तहरू गहन र अर्थपूर्ण छन्। सन्त पावलले यसो भन्दै यसलाई स्वीकार गर्छन्, **यो एउटा ठूलो रहस्य हो...** (एफिसी ५:३२)। एफिसी ५:२६-२७ मा यस्तो लेखिएको छ, **यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून् र उहाँले दाग वा चाउरी नभएको अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैंकहाँ प्रस्तुत गर्न सकून्...**। यसै उद्देश्यको निम्ति ख्रीष्टले आफैंलाई बलिदान गर्नुभयो। येशू आफैंले घोषणा गर्नुभयो, **... म मेरो मण्डली स्थापित गर्नेछु र नरकका ढोकाहरू यसमाथि विजयी हुनेछैन** (मत्ती १६:१८)। मण्डलीको निम्ति परमप्रभु परमेश्वरको प्रगाढ प्रेय यसैले प्रदर्शन गर्छ, जुन उहाँको आफ्नै रगतको मोलद्वारा प्रदर्शन हुन्छ। त्यसकारण, मण्डली नष्ट गर्ने कोसिस गर्नेहरूलाई दण्ड दिनबाट परमेश्वर रोकिनुहुन्न भन्ने कुरा स्पष्ट हुन्छ।

तर केही मानिसहरूले परमेश्वरको मण्डलीको बारेमा नराम्रो बोल्छन्, केही मानिसहरूले मण्डलीको सम्पत्ति लुट्छन् र केहीले मण्डलीको सिद्धान्तहरूलाई अवमूल्यन गर्छन् र नराम्ररी आलोचना गर्छन्। परमेश्वरको निम्ति आत्मा बचाउन मेहेनेतसाथ काम गर्ने परमेश्वरका केही छोराछोरी पनि छन्। तर केही दुष्ट व्यक्तिहरू तिनीहरूको मण्डलीमा प्रवेश गर्छन्, नयाँ विश्वासीहरूलाई अन्योलमा पार्छन् र तिनीहरूका आफ्नै मण्डली स्थापना गर्न मण्डलीका मानिसहरूलाई आफूतिर तानेर लैजान्छन्। यस्ता मानिसहरूले परमेश्वरको सेवा गरेका छैनन्, त्यसको साटो तिनीहरूले आत्माहरूलाई भ्रष्ट बनाएका छन्। केही मानिसहरूले प्रसिद्धी प्राप्त गर्नको लागि आफ्नो मण्डलीको बारेमा गलत जानकारी फैलाउन हिचकिचाउँदैनन्। परमेश्वरले यस्तो गिल्ला गर्नेहरूलाई सहनुहुनेछैन। उहाले निश्चय नै भन्नुहुनेछ, **“...मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ"** (मत्ती ७:२३)। यो कस्तो भयानक हुनेछ !

त्यसकारण, उहाँको मण्डली र उहाँको सेवा गर्न बोलाइएका परमेश्वरका अभिषिक्त सेवकहरूको विरोध गर्ने जोकोहीलाई पनि परमेश्वरले दण्ड दिनुहुन्छ। दण्ड जीवन पर्यन्त रहन्छ र श्रापहरू एउटा पुस्ताबाट अर्को पुस्तामा जानेछ। यो कुरा दुवै संसारको इतिहास र बाइबलीय इतिहासले प्रमाणित गरेको छ।

**यहाँ केही उदाहरणहरू छन्:**

१. गेहजी एलीशा अगमवक्ताका सेवक थिए। सिरियाका सेनापति नामानलाई कुष्ठरोगबाट निको पार्नको लागि एलीशा जिम्मेवार थिए। तापनि, तिनको चाहनाविपरीत नामानबाट उपहार स्वीकार गरेर आफ्नो मालिकलाई छल गरेको हुनाले तिनलाई कुष्ठरोगको श्राप लागेको थियो र परमेश्वरको उपस्थितिबाट अलग हुनुपरेको थियो। यो श्राप तिनको सन्तानमा पनि सरेको थियो। यो घटना २ राजा ५:२०-२७ मा अभिलेख गरिएको छ।

२. हननिया र तिनको पत्नी सफीराले प्रभुको सेवकाइमा भेटी दिने विचारको साथमा आफ्नो सम्पत्ति बेचेका थिए। तापनि तिनीहरूले पत्रुसबाट सत्यता लुकाए, तिनीहरूले असामयिक मृत्युको सामना गरे (प्रेरित ५:१-१०)।

परमेश्वरले व्यक्तिहरू, सरकारहरू र राज्यहरूमाथि पनि विनाश ल्याउनसभएको छ, जसले छल गरेका थिए र उहाँको मण्डली र सेवकहरूका विरुद्धमा काम गरेका थिए। आफ्नो बगालको वास्ता गर्न बोलाइएका परमेश्वरका साँचो सेवकहरूमाथि कष्ट दिने र हानि गर्नेहरूले उहाँको दण्ड सामना गर्नेछन्।

सेवकाइमा मेरो व्यक्तिगत अनुभवमा मैले यो कुरा सबैभन्दा पहिले अनुभव गरेको थियो। सेवकाइमा मेरा प्रारम्भिक दिनहरूमा केही व्यक्तिहरूले बिना कुनै परिणाम मलाई दोष लगाउन सकिन्छ भनेर विश्वास गरेका थिए। तिनीहरू मेरो सरकारी कार्यालयमा प्रवेश गरे, मेरा माथिल्ला अधिकारीहरूलाई मेरो बारेमा अनावश्यक गुनासो गरे र मेरो बारेमा नराम्रो बताए। मलाई ठूलो चिन्तामा पार्ने गरी तिनीहरूले म र मेरो सेवकाइको बारेमा गलत कुरा फैलाउँदै मतिर औंला उठाए। तापनि, परमेश्वर मेरो पक्षमा खडा हुनुभयो र तिनीहरूलाई पतन गर्नुभयो। अहिले केही मानिसहरू बौलाहा भएर सडकमा हिँडिरहेका छन्, अरूचाहिँ कठिनाइमा परेका छन् र तिनीहरूका धेरै सन्तानहरूले अपांगताको सामना गरिरहेका छन्।

हालै मात्र, हाम्रो वर्तमन मण्डलीको नजिकै बस्ने व्यक्तिहरूले मेरो निम्ति बाधा र मानसिक तनाव सृजना गर्ने प्रयास गरे, केहीले शारीरिक क्रोध पनि देखाए।

हाम्रो मण्डलीको अघि मेरो सवारी पार्क गरेको पनि तिनीहरूले देखिसहेनन्। तिनीहरूको गलत व्यवहारको कारण परमेश्वरको कामको निम्ति प्रयोग भएको मिनिबस मैले अत्यन्तै कम मूल्यमा बेच्नुपरेको थियो। तापनि, यी व्यक्तिहरू दीर्घकालीन रोगबाट ग्रसित भए र चाँडै नै बिते। केहीले आफ्नो परिवारभित्र गहन द्वन्द्वको अनुभव गरे, जसले तिनीहरूको घर त्याग्न बाध्य भए र अन्यत्र गए। संयुक्त परिवारमा भएका सदस्यहरूले असंख्य चुनौती र बाधाहरूको सामना गरे, जसले गर्दा तिनीहरूले आफ्ना सम्पत्ति कम मूल्यमा बेच्न बाध्य भए र हाम्रो क्षेत्रबाट पलायन भए। एक पटक एकत्रित भएको परिवार अब छिन्नभिन्न भएको छ, हरेक सदस्य सहरको विभिन्न भागहरूमा बसोबास गर्छन्। परिणामस्वरूप, यहाँ हाम्रो सेवकाइलाई विरोध गर्ने कोही पनि छैन। यसको निम्ति को जिम्मेवार छ र यसको कारण के हो?

कृपया यसमाथि मनन गर्नुहोस्।

## 7 श्रापलाई आशिष्‌मा परिणत गर्ने सात आज्ञाहरू:

१. प्रभु येशू ख्रीष्टअघि आफ्नो विश्वास स्वीकार गर्नुहोस् र उहाँ तपाईंको निम्ति बलिदान हुनुभयो भनेर स्वीकार गर्नुहोस्।

२. पश्चात्ताप गर्नुहोस्, आफ्नो हठ र पापमय थोकहरू त्याग्नुहोस् र बप्तिस्मा लिनुहोस्।

३. तपाईंलाई हानि गरेका व्यक्तिहरूलाई क्षमा गर्नुहोस्।

४. शैतानिक प्रभावहरू र मूर्तिपूजासँग सम्बन्धित सम्पूर्ण अभ्यासहरूबाट आफैंलाई अलग राख्नुहोस्।

५. येशू ख्रीष्टले प्रदान गर्नुभएको क्षमामा भरोसा गर्नुहोस् र पूर्णरूपमा उहाँमा भर पर्नुहोस्। उहाँको रगतद्वारा छुटकारा र उहाँको क्षमाको खोजी गर्नुहोस्।

६. येशू ख्रीष्टलाई आत्मा र सत्यतामा पूज्ने मानिसहरू भएका मण्डलीमा सेवामा सरिक हुनुहोस्। तपाईंले आफ्नो घर नजिक भएको मण्डलीलाई छान्न सक्नुहुन्छ। येशू ख्रीष्टसँग निरन्तर जोडिनुहोस् र मण्डली र पास्टरसँग संलग्न हुनुहोस्।

७. नियमित बाइबल पढेर र प्रार्थना गरेर प्रभु येशू ख्रीष्टलाई विभिन्न तरिकाहरूमा सेवा गर्नुहोस्।

************

## कृपया ध्यान दिनुहोस्!

### पास्टर एस. साम सेल्भाराजको जीवनी!

पास्टर एस. साम सेल्भाराजको जीवनी पुस्तकको ढाँचामा प्रकाशन गर्न हामी अन्तिम चरणमा छौं। उहाँको सेवकाइबाट परमेश्वरले तपाईंको आत्मिक वृद्धिमा कसरी प्रभाव पार्नुभयो भनेर करिब दश वाक्यमा लेखेर तपाईंका गवाहीहरू पठाइदिनुहुन हामी अनुरोध गर्दछौं। यसका अतिरिक्त, जीवनीमा समावेश गर्नको लागि तपाईंले फोटो उपलब्ध गर्न सक्नुहुन्छ भने हामी त्यसको कदर गर्दछौं।

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
Please subscribe

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks.
**- Editor**

## OUR BANK DETAILS:

*1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

*2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

*3. Bank : State Bank of India*
**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :
**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th SEPTEMBER 2024**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

*JESUS LOVES YOU!*

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**